apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १९३ ● पृष्ठः ४ ● १४ साउन २०८३ विहीबार (30 July 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




समाचार पृष्ठ ४

# देवानगञ्ज घटनापछि सिरहामा सर्वपक्षीय बैठक, सामाजिक सद्भाव कायम राख्न सात निर्णय




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १३ गते**

सुनसरीको देवानगञ्ज गाउँपालिकामा भएको घटनापछि उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै सिरहामा शान्ति, सुरक्षा तथा सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालयमा बुधबार सर्वपक्षीय बैठक सम्पन्न भएको छ। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलको अध्यक्षतामा बसेको बैठकले जिल्लामा सामाजिक सद्भाव कायम राख्न तथा सम्भावित तनाव फैलिन नदिन सात महत्वपूर्ण निर्णय गरेको छ।

बैठकले देवानगञ्ज घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। साथै घटनाको स्वतन्त्र छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सम्बन्धित निकायसँग अनुरोध गर्ने निर्णय गरिएको छ।

जिल्लामा चर्को ध्वनि प्रदूषण नियन्त्रण गर्न मापदण्डविपरीत सञ्चालन हुने डिजे तथा उच्च ध्वनिका बाजा प्रतिबन्ध गर्ने, आन्दोलन तथा विरोध प्रदर्शनका क्रममा सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याउने व्यक्तिको पहिचान गरी कानुनी कारबाही अघि बढाउने तथा सामाजिक सद्भाव कायम राख्न आवश्यकताअनुसार सर्वपक्षीय बैठक सञ्चालन गर्दै निर्णयहरूको प्रभावकारी कार्यान्वयन र प्रचार-प्रसार गर्ने सहमति भएको छ।

त्यसैगरी सामाजिक सञ्जालमार्फत अफवाह, भ्रामक सूचना तथा साम्प्रदायिक सद्भावमा असर पुग्ने गतिविधिमाथि निगरानी बढाई कानुनी कारबाही अघि बढाउने तथा जिल्लाका स्थानीय तहमा राजनीतिक दल, बुद्धिजीवी, नागरिक समाज, पत्रकार, उद्योगी-व्यवसायी र विभिन्न समुदायका प्रतिनिधिको सहभागितामा सामाजिक सद्भाव प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने निर्णयसमेत बैठकले गरेको छ।

बैठकमा जिल्ला समन्वय समिति, विभिन्न राजनीतिक दलका प्रतिनिधि, नेपाल पत्रकार महासंघ, उद्योग वाणिज्य संघ, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, सञ्चारकर्मी तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

# जानकी मन्दिरका महन्त दासले गरे आफ्ना दुई शिष्यलाई धार्मिक कार्यबाट बहिष्कार

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन १३ गते**

जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले आफ्ना दुई शिष्य रामरोशन दास र मनोज दासलाई मन्दिरको परम्परा, धार्मिक मर्यादा तथा गुरु-शिष्य सम्बन्धको मान्यता विपरीत गतिविधि गरेको आरोप लगाउँदै गुरु पूर्णिमादेखि पूजापाठ तथा अन्य धार्मिक कार्यबाट बहिष्कार गरेका छन्।




बुधबार भिडियो सन्देश जारी गर्दै महन्त दासले मनोज दासले वैष्णव परम्परा त्यागेर कबिर धर्म अपनाएको तथा रामरोशन दासले आफू महन्तको शिष्य नभई न्यायाधीशको शिष्य भएको अभिव्यक्ति दिँदै आएको आरोप लगाए। यस्ता गतिविधिले मन्दिरको परम्परा र आश्रमको मर्यादामा आघात पुगेकाले दुवैलाई मन्दिरका धार्मिक गतिविधिमा संलग्न हुन नदिने निर्णय गरिएको महन्त दासले बताए।

यसैबीच, जानकी मन्दिरमा नयाँ महन्त नियुक्तिको प्रक्रिया अघि बढेसँगै महन्त रामतपेश्वर दास र उत्तराधिकारीका रूपमा दाबी गर्दै आएका रामरोशन दासबीचको विवाद थप चर्किएको छ। यसअघि उत्तराधिकारी विवाद अदालतसम्म पुगेको थियो। अदालतबाट सफाइ पाएपछि रामरोशन दास पुनः मुख्य महन्तको दाबेदार बनेका छन्।

सर्वोच्च अदालतले गुरु-शिष्य

बाँकी पृष्ठ ३ ▸▸

# १२ वर्षपछि अदालतको फैसला कार्यान्वयन, पीडितले पाए न्याय



**रामनारायण ठाकुर**
**सप्तरी, साउन १३ गते**

करिब १२ वर्षदेखि जग्गा अतिक्रमणको विवादमा न्यायका लागि संघर्षरत एक पीडितले अन्ततः सप्तरी जिल्ला अदालतको फैसला कार्यान्वयनसँगै आफ्नो जग्गाको चलन पाएका छन्।

सप्तरीको शम्भुनाथ नगरपालिका-३, कञ्चनदहाका देवनारायण ठाकुरले सोही स्थानका राजदेव दाससँग आफ्नो जग्गामा आवतजावतका लागि पाँच मिटर मुख भएको सात धुर जग्गा खरिद गरेका थिए। तर, प्रतिवादी राजदेव दासले वादीको कित्ता नम्बर ५९६ अन्तर्गतको जग्गा अतिक्रमण गरी पक्की संरचना निर्माण गरेपछि ठाकुरको बाटो पूर्ण रूपमा अवरुद्ध भएको थियो।

बाटो बन्द भएपछि ठाकुरले करिब १२ वर्षअघि निर्माण गरेको पक्की घर प्रयोगविहीन र जीर्ण बन्दै गएको तथा हाल उनी पोखरीको डिलमा अस्थायी छाप्रो बनाएर बस्न बाध्य भएको जनाइएको छ।

वादी पक्षका अनुसार प्रतिवादीले अदालतलाई भ्रममा पार्ने उद्देश्यले उत्तरतर्फका सधियारसँगको

बाँकी पृष्ठ ४ ▸▸

# दुई तस्वीरले बोलेको मिथिलाको सद्भाव

**सुरेन्द्र कुमार कामति**
**सिरहा, साउन १३ गते**

सिरहाको दक्षिणी बजार माडर पुग्दा काली मन्दिर अगाडि साप्ताहिक हटिया लागेको थियो। मोटरसाइकलमा अगाडि बढ्दै गर्दा मन्दिरअगाडि प्लास्टिक ओछ्याएर तरकारी बेचिरहेका केही व्यापारीतर्फ नजर पुग्यो। केही क्षणमै फर्केर उनीहरूसँग भेटघाट गरेँ र एउटा तस्वीर कैद गरेँ।

तस्वीरमा थिए- रघुवंशी यादव र हारुण खातुन। वर्षौंदेखि यही हटियामा तरकारी बेच्दै आएका उनीहरू ग्राहकको प्रतीक्षामा थिए। साउन महिना भएकाले हारुण खातुनको हातमा हरियो चुरा देखिन्थ्यो। त्यो दृश्यले मिथिलाको साझा संस्कृति र सामाजिक आत्मीयतालाई सहज रूपमा प्रतिबिम्बित गरिरहेको थियो।

त्यसपछि यात्रा खैरटोका हुँदै रमौल पुग्यो। रमौलस्थित ईदगाह अगाडि पनि हटिया लागेको थियो। त्यहाँ सुनिता देवी महतो र जैमुन खातुन सँगसँगै तरकारी बेचिरहेका थिए। अर्को तस्वीरले पनि उही सन्देश दोहोऱ्यायो–धर्म फरक हुन सक्छ, तर





श्रम, जीविका र मानवीय सम्बन्ध साझा छन्। यी दुई तस्वीर केवल चार जना तरकारी व्यवसायीका तस्वीर होइनन्। यी मिथिलाको सामाजिक संरचना, सांस्कृतिक सहअस्तित्व र आपसी विश्वासका जीवन्त दस्तावेज हुन्।

मिथिलामा हिन्दू र मुस्लिम समुदायबीचको सम्बन्ध केवल सहअस्तित्वमा सीमित छैन, यो साझा संस्कृति, परम्परा र पारिवारिक आत्मीयतामा आधारित छ। यहाँ एकअर्काका चाडपर्वमा सहभागी हुने, सुख-दुःख बाँड्ने र सामाजिक सम्बन्धलाई सुदृढ बनाउने अभ्यास पुस्तौंदेखि कायम छ।

यसको एउटा उदाहरण सिरहा नगरपालिका-७ स्थित सलहेश पोखरी पनि हो, जहाँ मुस्लिम समुदायका केही परिवारले छठ पर्वमा सहभागी हुने, स्थानीय सांस्कृतिक परम्परालाई सम्मान गर्ने र सामाजिक सद्भावलाई जीवन्त बनाइराख्ने अभ्यास निरन्तर देखिन्छ। अर्कोतर्फ मुस्लिम परिवारमा पनि मटकोर मिथिलाकै परम्परा अनुसार गर्ने, बिवाह भएपछि महिलाले सिउँदोमा सिन्दुर लगाउने पनि गरेका छन्।

यही कारणले मिथिलालाई धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र बहुसांस्कृतिक सहअस्तित्वको सशक्त उदाहरणका रूपमा हेरिन्छ। यद्यपि बेलाबेला सामाजिक सद्भाव

बाँकी पृष्ठ २ ▸▸

# धार्मिक सद्भाव भड्काउने मिडियालाई काउन्सिलको कारबाही

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १३ गते**

प्रेस काउन्सिल नेपालले धार्मिक तथा साम्प्रदायिक सद्भावमा प्रतिकूल असर पार्ने र अफवाहपूर्ण सामग्री सम्प्रेषण गर्ने मिडिया एवं सामाजिक सञ्जालहरूमाथि कडा कारबाही प्रक्रिया अगाडि बढाएको छ।

सुनसरीलगायतका पूर्वी जिल्लाहरूमा हालै घटेका संवेदनशील घटनालाई लिएर गलत तथा उत्तेजक सामग्री फैलाएको पाइएपछि काउन्सिलले

बाँकी पृष्ठ ३ ▸▸






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# देवानगञ्ज घटनाको पृष्ठभूमि: झण्डाबाट सुरु विवादले नित्याएको गोलीकाण्ड

## सामान्य तनाव कसरी घातक बन्यो ?



सुनसरीको देवानगञ्ज गाउँपालिका -३, कप्तानगञ्जमा एक जनाको ज्यान जाने गरी भएको घटनाले यतिबेला देशको ध्यान तानेको छ । स्थानीय दुई समुदायबीचको विवाद हिंसात्मक बनेपछि सुनसरी, मोरङ, सिरहा, सप्तरीलगायत तराईका जिल्लामा घटनाको विरोधमा आन्दोलन सुरु भएको छ ।

घटनाको प्रारम्भ साउने सोमबार शिवमन्दिरमा जल चढाउन कोशी नदीबाट जल ल्याउने तयारीका क्रममा भएको थियो । आइतबार राति भेला भएका युवाले डिजे बजाएको विषयलाई लिएर स्थानीय दुई समुदायबीच विवाद सुरु भएको थियो । विवाद चर्किंदै गएपछि नेपाल प्रहरी घटनास्थलमा पुग्यो । तर, अवस्था नियन्त्रणमा आउन नसकेपछि सशस्त्र प्रहरी बल समेत परिचालन गरिएको थियो ।

दुई पक्षबीचको झडप उग्र बनेपछि प्रहरीमाथि पनि ढुंगामुढा भएको बताइएको छ । त्यसपछि प्रहरीले सुरुमा हवाई फायर गरेको थियो । रातिको समय र विद्युत् आपूर्ति अवरुद्ध भएकाले घटनास्थल अन्धकारमय बनेको प्रत्यक्षदर्शीहरू बताउँछन् । उनीहरूका अनुसार त्यसपछि गोली लागेर केही युवा ढलेपछि घटनास्थलमा भागदौड मच्चिएको थियो ।

गम्भीर घाइतेहरूलाई तत्काल उद्धार गरी विराटनगरका विभिन्न अस्पतालमा उपचारका लागि लगिएको थियो । उपचारका क्रममा अस्पतालले एक जनाको मृत्यु भएको पुष्टि गरेको थियो ।

**डिजे मात्र होइन, झण्डा विवाद पनि थियो तनावको कारण**

घटना सतहमा डिजे बजाएको विषयबाट सुरु भएको देखिए पनि स्थानीयका अनुसार यसको पृष्ठभूमिमा झण्डा विवाद लामो समयदेखि रहेको थियो ।

स्थानीय दिपेन्द्र झाका अनुसार मुस्लिम समुदायले मोहरम पर्वका क्रममा चोकमा राखेको झण्डा धार्मिक कार्यक्रम सकिएपछि हटाउन हिन्दु समुदायले पटक-पटक आग्रह गरेको थियो । यस विषयमा वडा नम्बर ३ का वडाध्यक्षसहित स्थानीय जनप्रतिनिधिलाई समेत जानकारी गराइएको भए पनि झण्डा हटाउने विषयमा कुनै चासो नदेखाइएको उनको दाबी छ ।

झाका अनुसार झण्डा हटाउने र नरहटाउने विषयले दुई समुदायबीच सातादेखि असन्तुष्टि बढाइरहेको थियो । देवानगञ्ज-३ कप्तानगञ्जमा मुस्लिम समुदायले एक महिनाअघि मोहरमका क्रममा राखेको झण्डा अर्को समुदायको पर्व सुरु हुन लाग्दासम्म पनि नहटाइएपछि विवाद थप चर्किएको स्थानीयको भनाइ छ ।

स्थानीयका अनुसार प्रहरी प्रशासन र स्थानीय सरकारलाई विवाद बढ्दै गएको जानकारी हुँदाहुँदै पनि समयमै समाधानतर्फ पहल नगर्दा परिस्थिति नियन्त्रणबाहिर पुगेको हो ।

**प्रहरीसँग झडपपछि गोली चल्यो**

आइतबार राति प्रदर्शन उग्र बनेपछि नेपाल प्रहरीलाई सहयोग गर्न सशस्त्र प्रहरी घटनास्थल पुगेको थियो । त्यसपछि प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुढा गरेपछि स्थिति नियन्त्रणका लागि सशस्त्र प्रहरीले हवाई फायर गरेको बताइएको छ ।

तर, स्थानीयको दाबी अनुसार हवाई फायर भनिए पनि प्रदर्शनकारीको कम्मरमाथि गोली लागेको थियो, जसका कारण एक जनाको मृत्यु भएको र अन्य घाइते भएका थिए ।

स्थानीयका अनुसार यसअघि पनि यस्ता विवाद पटक-पटक हुने गरेका थिए। तर, स्थानीय प्रशासन, प्रहरी, राजनीतिक दलका नेता तथा धार्मिक अगुवाको सर्वपक्षीय छलफलमार्फत विवाद समाधान हुँदै आएको थियो ।

यसपटक भने प्रारम्भिक चरणमै प्रभावकारी पहल हुन नसक्दा सानो विवादले ठूलो दुर्घटनाको रूप लिएको स्थानीयको भनाइ छ ।

**आन्दोलन तराईका जिल्लामा फैलियो**

देवानगञ्ज घटनापछि सुरु भएको विरोध प्रदर्शन सुनसरीबाट फैलिंदै कोशी प्रदेशको राजधानी विराटनगरसम्म पुगेको छ । मंगलबार विराटनगर दिनभर प्रभावित रह्यो भने बुधबार मोरङको पुरानो सदरमुकाम रंगेली बजार स्थानीय युवाले बन्द गराएका छन् ।

विराटनगरका शैक्षिक संस्था मंगलबार र बुधबार दुवै दिन बन्द गरिएका छन् ।

घटनामा संलग्न व्यक्तिहरूलाई पक्राउ नगरी सरकारले छानबिन समिति गठन गरेको भन्दै स्थानीयले असन्तुष्टि जनाएका छन् । उनीहरूले घटनामा संलग्नलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याउन माग गर्दै बुधबार देवानगञ्जमा प्रदर्शन समेत गरेका थिए ।

**घाइतेहरूको स्वास्थ्यमा क्रमिक सुधार**

देवानगञ्ज-३ कप्तानगञ्जमा आइतबार भएको झडपमा घाइते भएकाहरूको विराटनगरका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । केहीलाई गोली लागेको छ भने केही ढुंगामुढाबाट घाइते भएका छन् ।

न्युरो अस्पतालमा ९ जना भर्ना भएका थिए । तीमध्ये एक जनाको मृत्यु भएको थियो भने बाँकी ८ जनाको उपचार जारी छ ।

यस्तै, विराट नर्सिङ होममा ४ जना, नोबेल मेडिकल कलेजमा २ जना, विराट टिचिङ अस्पतालमा २ जना भर्ना भएका थिए, जसमध्ये एक जना मंगलबार उपचारपछि घर फर्किएका छन् ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी मकेन्द्रकुमार मिश्रका अनुसार, श्री अस्पतालमा १ जना, गोल्डेन अस्पतालमा २ जना तथा प्राइम अस्पतालमा २ जना घाइतेको उपचार भइरहेको छ ।

उनका अनुसार गोली लागेका तीन जनाको शल्यक्रियापछि स्वास्थ्यमा सुधार हुँदै आएको छ । अन्य घाइतेहरूको अवस्था पनि सुधारोन्मुख रहेको चिकित्सकलाई उद्धृत गर्दै उनले जानकारी दिए ।

**कोशी प्रदेश सरकारद्वारा राहत घोषणा**

कोशी प्रदेश सरकारले देवानगञ्ज घटनामा मृत्यु भएका, घाइते भएका तथा आगजनी र तोडफोडबाट क्षति बेहोरेका परिवारलाई राहत दिने घोषणा गरेको छ ।

प्रदेश सरकारले मृतकका परिवारलाई २ लाख रुपैयाँ तथा घाइते र आगजनी तथा तोडफोडबाट क्षति बेहोरेका परिवारलाई जनही ५० हजार रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

बुधबार मुख्यमन्त्री हिक्मतकुमार कार्कीको अध्यक्षतामा बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकमा राहत घोषणा गरिएको हो । बैठकले घटनापछि उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै सामाजिक सद्भाव र शान्ति सुरक्षालाई सुदृढ बनाउन आठबुँदे निर्णय पनि गरेको मुख्यमन्त्री कार्कीले जानकारी दिए ।

बैठकले घटनामा मृत्यु भएका ओमप्रकाश मेहताप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ । साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ ।

निर्णयअनुसार सामाजिक सद्भाव

बाँकी पृष्ठ ४ ▶▶

# सम्पादकीय...

## अफवाह होइन, सद्भाव कायम गरौं

सुनसरीको देवानगंजमा गत साउन १० मा घटेको घटना दुःखद हो । यस घटनालाई आधार बनाएर सामाजिक सञ्जालमार्फत भ्रामक सूचना, अफवाह, द्वेषपूर्ण अभिव्यक्ति तथा साम्प्रदायिक वैमनस्य फैलाउने प्रवृत्तिप्रति गम्भीर हो । यो चिन्ताको विषय हो । दुःखद घटनालाई बहाना बनाएर पुराना घटनालाई वर्तमानसँग जोड्ने, अपुष्ट सामग्रीलाई सत्यका रूपमा प्रस्तुत गर्ने तथा कुनै धर्म, समुदाय, भाषा वा संस्कृतिलाई लक्षित गरी घृणा फैलाउने गतिविधिले समाजमा अविश्वास, असहिष्णुता र अशान्ति निम्त्याउने खतरा बढाउँछ । आजको डिजिटल युगमा सूचना प्रवाह अत्यन्त तीव्र छ । तर सूचना जति छिटो फैलिन्छ, गलत सूचना पनि त्यत्तिकै तीव्र गतिमा फैलिने भएकाले प्रत्येक नागरिकले सामाजिक सञ्जालको जिम्मेवार प्रयोग गर्नुपर्छ । कुनैपनि समाचार वा भिडियोको सत्यता पुष्टि नगरी शेयर गर्नु, उत्तेजनात्मक टिप्पणी गर्नु वा समुदाय-समुदायबीच विभाजन सिर्जना गर्ने सामग्री प्रचार गर्नु अभिव्यक्ति स्वतन्त्रताको प्रयोग होइन, सामाजिक उत्तरदायित्वको उल्लंघन हो ।

नेपालको संविधानले सबै नागरिकलाई धार्मिक स्वतन्त्रता, समानता र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ । हाम्रो समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषताले सम्पन्न छ । यही विविधता हाम्रो राष्ट्रिय शक्ति र पहिचान हो । त्यसैले कुनै पनि घटनालाई जातीय वा धार्मिक रंग दिएर समाजलाई विभाजित गर्ने प्रयास लोकतान्त्रिक मूल्य, सामाजिक सद्भाव र राष्ट्रिय एकताको भावनाविपरीत हुन्छ । जिल्ला प्रशासन कार्यालय सिरहाले सार्वजनिक गरेको आग्रह यसैमा केन्द्रित छ । समाजमा उत्तेजना फैलाउने, धार्मिक भावनामा आघात पुऱ्याउने वा कानुनी व्यवस्था हातमा लिन खोज्ने गतिविधि कानुनअनुसार दण्डनीय छन् । कानुनी कारबाहीको व्यवस्था हुनुको उद्देश्य कसैलाई डर देखाउनु मात्र होइन, सामाजिक शान्ति, सार्वजनिक सुरक्षा र नागरिकबीचको विश्वासको संरक्षण गर्नु पनि हो ।

यस्ता संवेदनशील परिस्थितिमा सञ्चारमाध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता, धार्मिक अगुवा, नागरिक समाज, बुद्धिजीवी तथा राजनीतिक नेतृत्व सबैले संयमता, जिम्मेवारी र सत्यतामा आधारित अभिव्यक्तिलाई प्राथमिकता दिनुपर्छ । समाचार सम्प्रेषण गर्दा तथ्यको पुष्टि गर्ने, अफवाहलाई अस्वीकार गर्ने र समाजमा मेलमिलाप तथा सहिष्णुताको सन्देश प्रवाह गर्ने दायित्व सबै सरोकारवालाको साझा जिम्मेवारी हो । कुनै पनि दुःखद घटनाको समाधान प्रतिशोध, अफवाह वा घृणाबाट होइन । सत्य, न्याय, कानुनी प्रक्रिया र सामाजिक एकताबाट सम्भव हुन्छ । त्यसैले नागरिकहरूले अपुष्ट सामग्रीमा विश्वास नगर्ने, सामाजिक सञ्जालमा जिम्मेवारीपूर्वक प्रस्तुत हुने र शान्ति तथा सद्भाव कायम राख्न सक्रिय भूमिका निर्वाह गर्ने समयको आवश्यकता हो । यसर्थ सामाजिक सद्भाव जोगाउनु राज्यको मात्र होइन, प्रत्येक नागरिकको साझा दायित्व हो । विविधतामा एकता नेपालको मूल पहिचान हो । त्यस पहिचानलाई कमजोर बनाउने कुनैपनि प्रयासलाई अस्वीकार गर्दै सत्य, संयम, सहिष्णुता र कानुनी शासनको मार्ग अपनाउनु नै आजको सबैभन्दा ठूलो नागरिक कर्तव्य हो । सिरहा जिल्लामा यसलाई कार्यान्वयनमा जोड दिँदै कुनैपनि वहानमा समाजलाई भाड्ने वा गलत सूचना प्रवाह गर्ने काम हुनु हुँदैन् । त्यस्ता गतिविधि गर्नेलाई स्थानीय प्रशासनले निगरानीमा राख्दै कारबाही प्रकृयामा जानुपर्छ । जसले नै सदभाव कायम राख्न मद्दत मिल्छ ।

## दुई तस्वीरले बोलेको मिथिलाको .............

भड्काउने, भ्रम फैलाउने वा समुदायबीच अविश्वास सिर्जना गर्ने प्रयास पनि हुने गरेका छन् । यस्ता गतिविधि समाज, लोकतन्त्र र राष्ट्रिय एकताका लागि हानिकारक हुन्छन् ।

त्यसैले धार्मिक वा साम्प्रदायिक द्वेष फैलाउने, सामाजिक सद्भाव बिथोल्ने र हिंसा उक्साउने जोसुकै व्यक्ति वा समूह भए पनि उनीहरूमाथि कानुनबमोजिम निष्पक्ष र प्रभावकारी कारबाही हुनु आवश्यक छ । साथै राज्य, राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम र आम नागरिक सबैले सामाजिक एकता र पारस्परिक सम्मानलाई थप सुदृढ बनाउन साझा जिम्मेवारी निर्वाह गर्नुपर्छ ।

मन्दिरअगाडि खिचिएको एउटा तस्वीर र ईदगाहअगाडि खिचिएको अर्को तस्वीरले एउटै सन्देश दिन्छन्—मिथिलाको वास्तविक पहिचान धर्म होइन, प्रेम; विभाजन होइन, सहअस्तित्व; र द्वेष होइन, सद्भाव हो ।

## आजको राशिफल

**मेष :** भाग्यको पूर्ण साथ मिल्नेछ, जसले गर्दा रोकिएका कामहरू पुनः सुचारु हुनेछन् ।

**बृष :** आज स्वास्थ्यमा अलि उतारचढाव आउन सक्छ, त्यसैले खानपान र आराममा विशेष ध्यान दिनुहोला ।

**मिथुन :** वैवाहिक जीवन र प्रेम सम्बन्ध सुखमय रहनेछ, जीवनसाथीसँगको आपसी समझदारी अझ बलियो हुनेछ ।

**कर्कट :** स्वास्थ्यमा राम्रो सुधार आउनेछ र तपाईंमा नयाँ ऊर्जाको सञ्चार हुनेछ ।

**सिंह :** बौद्धिक र रचनात्मक काममा ठूलो सफलता मिल्नेछ, जसले गर्दा कार्यस्थलमा प्रशंसा हुनेछ ।

**कन्या :** आज पारिवारिक सुख र शान्तिमा केही कमी महसुस हुन सक्छ, त्यसैले घरभित्रका कुरामा धैर्य राख्नुहोला ।

**तुला :** तपाईंको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ, जसले गर्दा कठीन चुनौतीहरू सहजै पार हुनेछन् ।

**वृश्चिक :** आर्थिक दृष्टिकोणले आजको दिन निकै राम्रो छ र धन सञ्चय गर्न सफलता मिल्नेछ ।

**धनु :** (नोटस् यो राशिको नेपाली नाम धनु हो) तपाईंको मान(सम्मान र सामाजिक प्रतिष्ठामा वृद्धि हुनेछ ।

**मकर :** आज खर्चमा केही वृद्धि हुन सक्छ, त्यसैले अनावश्यक विलासिताका सामानमा धन खर्च नगर्नुहोला ।

**कुम्भ :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् र पुराना लगानीबाट राम्रो नाफा मिल्नेछ ।

**मीन :** कार्यक्षेत्र र व्यापारमा ठूलो सफलता मिल्नेछ, जसले गर्दा करियरमा सकारात्मक परिवर्तन आउनेछ ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउन रकम असुली




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १३ गते**

सिरहाको दक्षिणी सीमावर्ती औरही गाउँपालिका- २ तुलसीपुरस्थित वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ताका लागि परिचयपत्र नवीकरणवापत् भन्दै बिचौलियामार्फत रकम असुली गरेको पाइएको छ।

शारीरिक रुपले आर्थिक उपार्जन गर्न असमर्थ ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा तथा पाँच वर्षमुनिका बालबालिकाको बाल पोषण आहार भत्ता प्राप्तिका लागि सरकारले उपलब्ध गराएको परिचय पत्र नवीकरण निःशुल्क हुन्छ। तर वडा कार्यालय परिसरमा बिचौलियामार्फत जनही एक सय रुपैयाँ असुली गरेको पाइएको हो। संचारकर्मीहरुको टोली बुधबार दिउँसो वडा कार्यालय पुग्दा स्थानीयसमेत रहेका बिचौलिया रामबाबु यादवले वडाध्यक्ष तथा वडा सचिवको कार्यकक्षकै अगाडि बरण्डामा हाकाहाकी सेवाग्राहीहरुबाट रकम उठाइरहेको भेटिएको छ।

निःशुल्क नवीकरण गरिनुपर्ने सामाजिक सुरक्षा परिचयपत्रको नवीकरणका लागि कसको निर्देशनमा रकम असुल गरिरहनु भएको हो, यो भ्रष्टाचार भएन र ? भन्ने प्रश्नमा उनले भने 'नवीकरण फारम ल्याएर भरेर पनि दिन्छु, त्यहीवापत् लिएको हो।' त्यसरी असुल गरेको रकम वडा कार्यालयमा क-कसलाई दिनुहुन्छ भन्ने प्रश्नमा उनले केही खुलाउन चाहेनन्। बरु अन्य वडाहरुमा पनि यसरी नै रकम लिइरहेको छ भन्दै आफूले लिएको अवैध असुलीको बचाउ गर्न खोजे।

सामाजिक सुरक्षा भत्ताको परिचय पत्र नवीकरण गराउन श्रीमान बृजलालसहित वडा कार्यालय आएकी करिब ६५ वर्षीया कारीवती यादवले दुईजनाको एक सय रुपैयाँ लिएपछि मात्र फारम भरेर दिएको बताइन्। 'वडा सचिवकोमा जाँदा फुर्सद नै छैन भनेर फर्काए' उनले भनिन् 'बाध्यतावश वडा कार्यालयमै टेबुल कुर्सी लगाएर बसेका अनधिकृत व्यक्तिलाई दुई बूढाबूढीको दुई सय रुपैयाँ तिर्नुपर्यो।' आफ्नो छोराको बाल पोषण आहार भत्ताको परिचयपत्र नवीकरणका लागि वडा कार्यालय आएकी करिब ३१ वर्षीया अनितादेवी यादवले भनिन् 'एक सय रुपैयाँ तिरेपछि नवीकरणको फारम भराएर बुझाएँ।'

स्थानीय सेवाग्राहीहरुका अनुसार बिचौलिया यादवले साउनको पहिलो सातादेखि नै परिचय पत्र नवीकरणका लागि रकम असुल गर्दै आएका छन्। त्यसरी असुल गरिएको रकमको केही हिस्सा वडाध्यक्षसम्म पुग्ने गरेको स्थानीयको आरोप छ।

वडा कार्यालयका सचिव विनोद मुखियाले आफू पछिल्लो नौ महिनादेखि कार्यरत रहेको जानकारी दिँदै सामाजिक सुरक्षा भत्तासम्बन्धी परिचय पत्र नवीकरणका लागि सेवाग्राहीबाट रकम लिन हुँदैन भन्दै पटक पटक सचेत गराएको भए पनि नटेरेको बताए। 'वडाध्यक्षलाई पनि रोक्न आग्रह गरें, तर बेवास्ता गरियो,' उनले भने।

वडाध्यक्ष रामअयोधी यादवले भने वडामा कर्मचारीको अभाव हुँदा स्थानीयसमेत रहेकाले सेवाग्रहीको सहजीकरणका लागि काम गरेको हुन सक्ने बताए। तर रकम लिएको विषयमा आफूलाई थाहा नभएको भन्दै पन्छिए। 'आगामी दिनमा ढिलो भए पनि वडा सचिवले नै सेवाग्राहीका लागि सबै काम गर्छन्,' उनले भने।

बिचौलियामार्फत सेवाग्राहीबाट अनधिकृत रुपले असुल गरिएको रकमबाट केही हिस्सा लिने गरेको आरोप अस्वीकार गर्दै उनले भने, 'मैले त्यस्तो गलत काम गरेको छैन।' उनका अनुसार वडा क्षेत्रमा सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिक र बालपोषण भत्ता पाउने पाँच वर्षमुनिका बालबालिका गरी करिब चार सय सेवाग्राही छन्।




# सुनसरी घटनाको समाधान शान्तिपूर्ण वार्ताबाट खोजौं : उपराष्ट्रपति यादव

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन १३ गते**

उपराष्ट्रपति रामसहाय प्रसाद यादवले सुनसरीसहित तराईका जिल्लामा भएका घटनाप्रति चिन्ता व्यक्त गरेका छन्। बुधबार एक वक्तव्य जारी गर्दै उनले घटनामा ज्यान गुमाएकाप्रति दुःख व्यक्त गरेका हुन्।

उनले घटनामा घाइते नागरिक तथा सुरक्षाकर्मीको प्रभावकारी उपचारमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराएका छन्। उनले भनेका छन्, 'नेपालको विविधताबीचको एकता, सहिष्णुता, पारस्परिक भाइचारा, मेलमिलाप, मैत्रीभाव र सामाजिक सद्भाव हाम्रो साझा सम्पत्ति हो। सबै नागरिकलाई संयमता अपनाउन, आवेग, हिंसा वा मुठभेडबाट टाढा रहन र जिम्मेवार व्यवहार प्रदर्शन गर्न आग्रह गर्दछु।'

उनले कुनै पनि समस्याको समाधानको मार्ग नै शान्तिपूर्ण संवाद भएको उल्लेख गर्दै आफ्ना माग र

बाँकी पृष्ठ ४ ▶▶

## धार्मिक सद्भाव भड्काउने मिडियालाई .............

यस्तो कदम चालेको हो।

काउन्सिलका अनुसार नियमित अनुगमनका क्रममा सञ्चार माध्यम र सामाजिक सञ्जालबाट हिंसा, आतङ्क र अपराधलाई प्रश्रय पुग्ने तथा उत्तेजना फैलाउने किसिमका भ्रमपूर्ण अभिव्यक्तिहरू सम्प्रेषण भइरहेको भेटिएको थियो।

आचारसंहिता प्रतिकूल सामग्री प्रसारण गर्ने १४ वटा मिडियालाई त्यस्ता सामग्री अविलम्ब हटाउन काउन्सिलले टेलिफोनमार्फत निर्देशन दिएको थियो, जसमध्ये ७ वटाले त्यस्ता सामग्री हटाइसकेका काउन्सिलले जनाएको छ। मौखिक निर्देशन पालना नगर्ने एउटा मिडियालाई भने २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेस गर्न पत्राचार गरिएको काउन्सिलले विज्ञप्तिमार्फत जनाएको छ।

त्यसैगरी, कुनै मिडियाअन्तर्गत आबद्ध नभई सञ्चालनमा रहेका ५ वटा फेसबुक पेज र १ वटा युट्युब च्यानल गरी ६ वटा सामाजिक सञ्जालमा सम्प्रेषित ८ वटा गम्भीर प्रकृतिका सामग्रीबारे अनुसन्धान गरी कारबाही चलाउन नेपाल प्रहरीको साइबर ब्युरोमा पत्राचार गरिएको काउन्सिलले जनाएको छ।

काउन्सिलका सहप्रवक्ता रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा पत्रकारिताको मूल्य मान्यताविपरीत पेसागत जिम्मेवारीबाट विमुख भई परिस्थितिलाई थप भड्काउने किसिमका सामग्री सम्प्रेषण नगर्न आग्रह गरिएको छ।

काउन्सिलले सम्पूर्ण आमसञ्चार माध्यम, पत्रकार, सञ्चारकर्मी तथा सामाजिक सञ्जालका प्रयोगकर्ताहरूलाई आचारसंहिताको पूर्ण पालना गर्न र जिम्मेवार बन्न हार्दिक अपिलसमेत गरेको छ।

## जानकी मन्दिरका महन्त दासले गरे आफ्ना दुई ..............

परम्पराका आधारमा नभई 'पुजारीलगायत जनशक्ति व्यवस्थापन निर्देशिका, २०७७' अनुसार महन्त नियुक्ति गर्न आदेश दिएपछि गुठी संस्थानले नयाँ नियुक्ति प्रक्रिया अघि बढाएको छ। यससँगै जानकी मन्दिरको नेतृत्वलाई लिएर देखिएको विवाद अझ गहिरिने संकेत देखिएको छ।

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय लाहान, सिराहाका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना।**

**(सूचना प्रकाशित मिति २०८३/०४/१४ गते बिहिबारको अपन दैनिक राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय लहान सिराहामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०५/२५ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय लहान, सिराहामा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/०२/०१ मा प्रा.फ.नं.घ.उ.सि. ९५९५/०७५/७६ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व कार्यालय लाहानबाट मिति २०७६/०३/३१ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१०८७६३८७ को प्रमाण पत्र प्राप्त **आयुष एकिकृत कृषि फार्म**।
फर्मको ठेगाना : सिरहा जिल्ला सखुवा नान्कारकट्टी गा.पा. वडा नं. ३।

| | |
|---|---|
| **प्रोप्राइटर : देव कुमारी यादव** (ना.प्र.नं. १५२०१३/१८२४५, जारी मिति २०७१/११/१५, ई.प्र.का. लाहन, सिरहा)। ठेगाना : सिरहा जिल्ला सखुवा नन्कारकट्टी गा.पा. वडा नं. ४, (साबिक सखुवानन्कारकट्ट गा.वि.स. वडा नं. १)। बाबु : राम प्रसाद यादव। पति : राम जतन यादव। ससुरा : सुव नारायण यादव। | **जमानतकर्ता : राम जतन यादव** (ना.प्र.नं. १४५१९/८७६४१४१०, जारी मिति २०६३/०९/१८, जि.प्र.का. सिरहा)। ठेगाना : सिरहा जिल्ला सखुवा नन्कारकट्टी गा.पा. वडा नं. ४, (साबिक सखुवानन्कारकट्ट गा.वि.स. वडा नं. १)। बाबु : सुव नारायण यादव। बाजे : धनमन्ति यादव। |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. राम जतन यादवको नाममा मालपोत कार्यालय लाहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला महादेवा पोर्ताहा गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २क, कित्ता नं. १०२७ र १०२४ को क्षेत्रफल ०-७-६.७५-० र ०-०-६-० (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ........१
२. ऋणी आयुष एकिकृत कृषि फार्मको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाईपोथिकेशन .........१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय लाहान सिराहाबाट** समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय लहान, सिराहामा** सम्पर्क राख्न सकिनेछ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

# बाराको गढीमाई मन्दिरबाट गहना चोरी भएको घटना सार्वजनिक

**अपन दैनिक संवाददाता**
**बारा, साउन १३ गते**



बाराको प्रसिद्ध गढीमाई मन्दिरबाट सुन र चाँदीका गहना चोरी भएको घटना चार दिनपछि सार्वजनिक भएको छ।

महागढीमाई नगरपालिका-१, बरियारपुरस्थित गढीमाई मन्दिरमा साउन १० गते राति ताला तोडेर चार थान गहना चोरी भएको मन्दिरका मूल पुजारी शिव चौधरीले जानकारी दिए। उनका अनुसार चोरी भएका गहनामा चाँदीको मुकुट, सुनको जलप लगाइएको चाँदीको हार, सुनको तिलहरी र सुनको हार रहेका छन्।

घटनाबारे स्थानीय सामाजिक अभियन्ताहरूले बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेका हुन्। पत्रकार सम्मेलनमा स्थानीय बासिन्दा तथा राष्ट्रिय स्वतन्त्र पार्टीका बारा जिल्ला निवर्तमान अध्यक्ष चन्दनकुमार स्वर्णकारले घटनाको निष्पक्ष छानबिन, दोषीको तत्काल पहिचान र कानुनी कारवाही तथा मन्दिरमा जडान गरिएको सिसिटिभी फुटेज सार्वजनिक गर्न प्रशासनसँग माग गरे।

स्थानीयले पवित्र धार्मिक स्थलमा भएको चोरीको घटनाले सर्वसाधारणमा गम्भीर चिन्ता उत्पन्न गरेको भन्दै सत्यतथ्य सार्वजनिक गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले सिसिटिभी फुटेजका आधारमा अनुसन्धान जारी रहेको बताए। उनका अनुसार घटनाबारे प्रहरीलाई भोलिपल्ट ढिलो गरी जानकारी प्राप्त भएको थियो।

'सीसीटीभीमा चोरी भएको दृश्य देखिन्छ, तर व्यक्तिको अनुहार स्पष्ट रूपमा चिनिएको छैन। हामी चोरीमा संलग्न व्यक्तिको खोजी तथा अनुसन्धानमा जुटेका छौं,' प्रहरी उपरीक्षक कुँवरले भने।

उनका अनुसार मन्दिरका गरगहना सामान्यतया साँझ पुजारीले घर लैजाने र बिहान मन्दिरमा ल्याउने गरिए पनि उक्त रात भने गहना मन्दिरमै छाडिएको अवस्थामा चोरी भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

# देवानगञ्ज घटनाप्रति मधेशी आयोगको चिन्ता

## धार्मिक तथा सामाजिक सद्भाव कायम राख्न सबै पक्षसँग अपिल

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १३ गते**




सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगंजमा दुई समुदायबीच भएको घटनापछि उत्पन्न तनावपूर्ण अवस्थाप्रति मधेशी आयोगले गम्भीर चासो व्यक्त गर्दै धार्मिक तथा सामाजिक सद्भाव कायम राख्न सबै पक्षसँग संयमता अपनाउन अपिल गरेको छ।

आयोगले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत घटनामा गोली लागेर ज्यान गुमाएका सुनसरीको देवानगञ्ज-३, कप्तानगञ्जका २४ वर्षीय ओमप्रकाश मेहताप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गरेको छ। साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मृतकका परिवारलाई उचित क्षतिपूर्ति तथा घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गर्न नेपाल सरकारसँग आग्रह गरेको छ।

आयोगले नेपाल विविध जातजाति, भाषा, धर्म र संस्कृतिको साझा थलो भएको उल्लेख गर्दै धार्मिक सहिष्णुता, सामाजिक सद्भाव, आपसी भाइचारा र सहअस्तित्व नेपाली समाजको महत्वपूर्ण विशेषता रहेको जनाएको छ। यस्ता ऐतिहासिक मूल्य र सामाजिक एकतालाई खलबल्याउने कुनै पनि गतिविधि दुखद तथा चिन्ताजनक हुने आयोगको धारणा छ।

विज्ञप्तिमा वर्तमान संवेदनशील परिस्थितिमा सम्पूर्ण समुदाय, नागरिक समाज, राजनीतिक दल, स्थानीय जनप्रतिनिधि, धार्मिक अगुवा, सञ्चारकर्मी तथा प्रबुद्ध व्यक्तित्वलाई संयमता अपनाउँदै धार्मिक तथा सामाजिक सद्भाव, आपसी विश्वास र शान्तिपूर्ण वातावरण कायम राख्न सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरिएको छ।

मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवच्छ साहद्वारा जारी विज्ञप्तिमा सामाजिक एकता, आपसी सम्मान र सहिष्णुताको संस्कृतिलाई थप सुदृढ बनाउन सबै पक्ष जिम्मेवार र संयमित बन्नुपर्नेमा जोड दिइएको छ।

### १२ वर्षपछि अदालतको फैसला कार्यान्वयन .............

मिलेमतोमा जग्गाको सिमाना परिवर्तन गर्ने प्रयाससमेत गरेका थिए।

सप्तरी जिल्ला अदालतले वादीको पक्षमा फैसला गरेपछि उक्त फैसला कार्यान्वयनका लागि २०८३ असार २३ गते अदालतले डोर खटाएको थियो। अदालतका कर्मचारी, प्राविधिक, सुरक्षा निकाय, वडा कार्यालयका प्रतिनिधि तथा स्थानीय भद्रभलादमीको रोहबरमा अदालतको फैसला र चलन चलाउने आदेशअनुसार प्रतिवादीले निर्माण गरेको अवैध पक्की संरचना हटाई वादीलाई जग्गाको चलन बुझाइएको हो।

फैसला कार्यान्वयनका क्रममा प्रतिवादी पक्षबाट अवरोध भएपछि शान्ति-सुरक्षा कायम गर्न प्रहरीले सामान्य बल प्रयोग गर्नुपरेको जनाइएको छ।

अदालतको फैसला सफलतापूर्वक कार्यान्वयन भएपछि स्थानीयवासीले न्यायिक प्रक्रियाप्रति विश्वास व्यक्त गरेका छन्। करिब १२ वर्षपछि आफ्नो जग्गाको अधिकार प्राप्त गरेपछि पीडित देवनारायण ठाकुरले अदालतबाट न्याय पाएको अनुभूति भएको बताएका छन्।

यो घटनाले अदालतको फैसला समयमै प्रभावकारी रूपमा कार्यान्वयन हुनु न्यायको सुनिश्चितताका लागि उत्तिकै महत्वपूर्ण हुने सन्देश दिएको स्थानीयवासीको भनाइ छ।

### सुनसरी घटनाको समाधान शान्तिपूर्ण ..........

विचारहरू संयमित ढंगले प्रस्तुत गर्न सबै पक्ष थप जिम्मेवारीपूर्वक प्रस्तुत हुन अनुरोध गरेका छन्।

'स्थानीय प्रशासन, धार्मिक अगुवा तथा नागरिक समाजले आपसी समन्वय गरेर विश्वासको वातावरण निर्माण गर्न सम्बन्धित पक्षलाई आग्रह गर्दछु,' उनले भने, 'यस्तो संवेदनशील समयमा सामाजिक सञ्जालमार्फत फैलिन सक्ने भ्रामक सूचना, अफवाह तथा घृणास्पद अभिव्यक्तिप्रति हामी सबै सचेत रहनुपर्दछ।'

उनले राष्ट्रिय एकता र सामाजिक सद्भावको संरक्षण नै साझा जिम्मेवारी भएको बताएका छन्। 'उत्पन्न समस्याको दिगो, प्रभावकारी र शान्तिपूर्ण समाधानका लागि सरकार, राजनीतिक दल, नागरिक समाज तथा सम्पूर्ण नेपाली जनता अग्रसर हुन हार्दिक अनुरोध गर्दछु' उनले भनेका छन्।

### देवानगञ्ज घटनाको पृष्ठभूमिः झण्डाबाट सुरु .............

र साम्प्रदायिक एकता कायम गर्न राजनीतिक, सामाजिक र प्रशासनिक पक्षबीच समन्वयात्मक पहल गरिने, पालिका तहमा सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गरी सद्भाव अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

त्यसैगरी स्थानीय प्रशासनसँग समन्वय गरेर सद्भाव यात्रा, सार्वजनिक अपिल तथा मेलमिलापका कार्यक्रम सञ्चालन गरिने भएको छ। सबै धार्मिक समुदायका संघसंस्थाले संयुक्त अपिल जारी गरी सामाजिक सद्भाव कायम गर्न भूमिका खेल्ने, सीमा क्षेत्रबाट हुन सक्ने अवाञ्छित गतिविधिप्रति सुरक्षा सतर्कता अपनाउने तथा घाइतेको उपचार र मृतकका परिवारलाई राहत उपलब्ध गराउन संघीय सरकारसँग अनुरोध गर्ने निर्णय पनि गरिएको छ।

बैठकले प्रभावित जिल्ला तथा आसपासका क्षेत्रमा यस्ता घटना पुनः नदोहोरिने गरी सुरक्षा व्यवस्था प्रभावकारी बनाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय गर्ने निर्णय पनि गरेको छ।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीले संवेदनशील परिस्थितिमा सबै पक्षले संयमता अपनाई सामाजिक सद्भाव कायम राख्न सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिएका छन्। सर्वपक्षीय बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका प्रदेश अध्यक्ष चन्द्रबहादुर राई, नेपाली कांग्रेसका प्रदेश सभापति उद्धव थापा, नेकपा एमालेका प्रदेश अध्यक्ष घनश्याम खतिवडालगायत विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा प्रदेशस्तरीय सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो।




# पाँच बुँदे सहमतिपछि चिकित्सकको आन्दोलन स्थगित

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन १३ गते**



आन्दोलनरत चिकित्सक र सरकारबीच सहमति भएको छ। यससँगै चिकित्सकले आन्दोलनका कार्यक्रम स्थगित गरेका छन्।

बुधबार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा भएको छलफलमा सहमति जुटेको हो। आन्दोनरत चिकित्सकसँग पाँच बुँदे सहमति भएको छ।

सहमतिमा स्वास्थ्य सचिव विकास देवकोटा, कानुन मन्त्रालयका सचिव पाराश्वर ढुंगाना, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडी तथा नेपाल चिकित्सक संघका अध्यक्ष बद्रि रिजालले हस्ताक्षर गरेका छन्।

पर्साको वीरगन्जस्थित नारायणी अस्पतालका चिकित्सक डा. प्रमोद राममाथि कुटपिट भएको थियो। उनको काठमाडौंस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ।

यसको विरोधमा देशभरका चिकित्सक आन्दोलनमा थिए। नेपाल चिकित्सक संघको आह्वानमा दुई दिनदेखि देशभरका अस्पतालमा आकस्मिकबाहेक सबै सेवा ठप्प पारेका थिए।

उनीहरूले चिकित्सकमाथि कुटपिट गर्नेलाई कारबाही गर्न, वार्ताको समयमा चिकित्सकलाई दुर्व्यहार गर्ने पर्साका एसपी र डीएसपीलाई सरुवा गर्न, चिकित्सकको सुरक्षाको व्यवस्था गर्न माग गरेका थिए। उनीहरूमा सम्बोधन गर्न सरकारले प्रतिबद्धता जनाएपछि सहमति जुटेको हो।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका

## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०२/०७ गते घरबाट लहान जाने क्रममा मेरो BBS को ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएको हुँदा उक्त कागजात कसैले फेला पार्नुभएको भए कृपया तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

**नाम**: सरिता कुमारी यादव
**ठेगाना**: सुखीपुर नगरपालिका-२, सिरहा
**रजिस्ट्रेशन नं.**: ७-२-१०६७-११५-२०२० **सम्पर्क नं.**: ९८०२५००००८

